# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, चैत १ गते २०३३ साल [ संख्या ४७

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

घर जग्गा कर ऐन, २०१९ को दफा २ (क) को प्रयोजनको निमित्त श्री ५ को सरकारले खण्ड १९ मिति २०२६।१२।१० संख्या ४९ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनामा २०३३ साल श्रावण १ गतेदेखि लागू हुने गरी देहायका शहरी क्षेत्रका सिमानामा देहायबमोजिमको संशोधन गरेको छ ।

| शहरी क्षेत्रको नाम | सिमाना |
|---|---|
| | मेची अञ्चल |
| भद्रपुर शहरी क्षेत्र | (१) भद्रपुर नगर पञ्चायतको सिमानाबमोजिम र |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) चन्द्रगढी तर्फ:— सगरमाथा राईस मिलबाट पानी टंकी क्याम्पस रोड मूल सडक हुँदै एस. पी. कार्यालय गेटबाट एयरपोर्ट जाने बाटो हुँदै जिल्ला पञ्चायतका कर्मचारीहरूको क्वार्टर रहेको तेसों बाटोबाट चन्द्रगढी चार— आली जाने मोड हुँदै प्रशिक्षण केन्द्र जाने दोबाटो मूल सडक हुँदै विद्युत् कार्यालयको पूर्वपट्टिको कोलोनी रोड हुँदै सगरमाथा राईस मिलसम्म यति चार किल्लाभित्र उक्त उल्लेखित सडकको अर्को किनारा बाहिरी भाग तर्फको हकमा सडकछेउबाट २०० फीट- सम्मका घर जग्गाहरू ।

सगरमाथा अञ्चल

राजविराज शहरी क्षेत्र

(१) पूर्व मलुवाही खोला, पश्चिम खरसाल दुर्गाप्रसाद उपाध्यायको घर, उत्तर कृष्णप्रसाद सिंहको घरबाट सिधा पूर्व कञ्चनपुर रोडसम्म, दक्षिण कचहरी रोडदेखि जोडिएको सिराहा रोडदेखि पूर्व बर्मा शेल हुँदै हनुमान नगर रोड भलुवाही खोलासम्म ।

(२) राजविराज नगर पञ्चायतको नयाँ थप भएको क्षेत्रसमेत ।

जनकपुर अञ्चल

जनकपुर शहरी क्षेत्र

(१) पूर्व जलाद नदीदेखि धर्मबाँध पैनीबाट रजोल गाउँ र वेल्ही गाउँको सिमानाको आलीको बाटो हुँदै पञ्चायत प्रशिक्षण केन्द्रको कम्पाउण्ड र फुलगेन साहूको घरको उत्तर हुँदै पिडारी गाउँको उत्तर सिमाना हुँदै दुधाननदी र दुधाननदीदेखि लादो वेलाको पुल हुँदै सिधा हवाई मैदान र त्यहाँबाट रा. रा. क्याम्पसको पूर्वबाट जलाद नदीसम्म ।

१५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भेरी अञ्चल

नेपालगञ्ज शहरी क्षेत्र (१) पूर्व फुलटेक्रा ब्यारेकदेखि माथि दाङ जाने मूलबाटोको डडवानहरूको पुल र त्यहाँबाट रामनगर बुलबुलिया खटकपुवा र तिरलीपुवा हुँदै महेन्द्रनगर हुँदै रंगशालाको दक्षिण तर्फको पूर्व लाइन हाल क्षेत्रीय अदालत बसेको घर–देखि महेन्द्र रंगशालाको पूर्व लाइनसम्म, पश्चिम महेन्द्रनगर जाने र भन्सार जाने डिग्री कलेज अगाडिको चौरस्ताबाट पश्चिम तर्फबाट गडेरिएन पुरूवाको पश्चिम र वन विभागको एरियाको पश्चिम हुँदै विलाशपुर त्यहाँबाट धुम्बोजी निस्की सुर्खेत राजमार्गको पश्चिम पाँचसय गजसम्म र हुलासचन्द गोल्छाको गोदा-मको पश्चिमको पुलसम्म र गडेरियन पुरूवा गाउँसम्म उत्तर महावीर अग्रवालको मिलको पश्चिमबाट धुम्बोजीको पश्चिम भएर पुलिस तालीम केन्द्रको पछाडिबाट सुर्खेत रोड निस्की सो सुर्खेत रोडको पश्चिम पाँचसय गजसम्मबाट कारकादोको डुडुवा नहरसम्म र त्यहाँबाट नहरै नहर दाङ जाने मूलबाटो डुडुवा नहरको पुलसम्म र गणेशपुर गाउँ र फुलटेक्रा खेतसम्म दक्षिण पञ्चायत प्रशिक्षण केन्द्र जाने बाटोसम्म ।

आज्ञाले–

नरकान्त अधिकारी

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।